# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ४४१९८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np


इ.प्रा. परिपत्र संख्या : ०८/२०८०-८१

मितिः २०८०/१०/२६

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु,**
**श्री विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**
**श्री विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त सम्पूर्ण निकायहरु ।**

**विषय : एकीकृत परिपत्र-२०८० मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०८० को एकीकृत इ.प्रा. परिपत्र : १३/२०८० को दफा ६ लाई देहायबमोजिम संशोधन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**६. आफ्नो व्यवसाय ठेक्का पट्टा वा व्यापारको सिलसिलामा जारी हुने Bid Bond, Performance Bond जस्ता कर्जा प्रवाह नगर्ने प्रयोजन भएका विदेशी बैंक ग्यारेण्टी बैंक तथा वित्तीय संस्था आफैंले स्वीकार गर्न सक्नेछन् ।**

**६क. नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८ (तेस्रो संशोधन सहित) को व्यवस्थाबमोजिम इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकले स्वदेशमा कर्जा प्रवाह गर्ने वा प्रवाह भइसकेको कर्जा सुरक्षण गर्ने प्रयोजनको लागि विदेशी बैंक तथा वित्तीय संस्थाका साथै विदेशी नियामक निकायबाट स्वीकृतिप्राप्त विदेशी पेन्सन फण्ड, हेज फण्ड, सरकारी/अन्तर-सरकारी स्वामित्वको Development Finance Institutions (DFIs) लगायतका कर्जा प्रवाह गर्ने संस्थाबाट जारी भएको वित्तीय जमानत आफैंले स्वीकार गर्न सक्नेछन् ।**

**तर, यस्तो बैंक जमानत वा वित्तीय जमानत स्वीकार गर्दा नेपालबाट कुनै कमिशन, शुल्क, वा लागत तिर्नु पर्ने भएमा सोको स्वीकृति नेपाल राष्ट्र बैंकबाट लिनु पर्नेछ र त्यस्तो कमिशन, शुल्क, वा लागत देहायबमोजिमको सीमाभित्र समेत रहनु पर्नेछ :**

**(क) सम्बन्धित इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंक आफैंले बैंक/वित्तीय जमानत (स्वदेशी मुद्रा समेत) जारी गर्दा लिने Standard Tariff of Charges मा उल्लिखित न्यूनतम कमिशन, शुल्क, वा लागत भित्र रहनु पर्नेछ ।**

**(ख) माथि खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो कमिशन, शुल्क, वा लागत प्रति वर्ष १.५ प्रतिशतभित्र रहनु पर्नेछ ।**

**६ख. दफा ६क मा जुनसुकै कुरा लेखिएको भएतापनि विदेशी लगानी भएका इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकले आफ्नो विदेशी लगानीकर्ता बैंक तथा वित्तीय संस्थाबाट जारी भएको बैंक/वित्तीय जमानत यस्तो प्रयोजनको लागि स्वीकार गर्न सक्ने छैनन् ।**

भवदीय,

२०८०/१०/२६

(तुलसी प्रसाद घिमिरे)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।

# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ४४१९८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np

३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग ।
५) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
७) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
९) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
१०) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
११) श्री नेपाल उद्योग परिसंघ ।
१२) श्री नेपाल चेम्बर अफ कमर्स ।
१३) श्री नेपाल बैंकर्स संघ ।
१४) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१५) श्री वित्तीय संस्था संघ ।
१६) श्री लघुवित्त बैंकर्स संघ ।